Contact:
Ishwor Upreti
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza,
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

Rastriya Banijya Bank Limited
Singhadurbar Plaza
Kathmandu

# Press Release

Date: 2077. 08. 28

## राष्ट्रिय वाणिज्य बैंक र बेलबारी न.पा. बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र बेलबारी नगरपालिका (मोरङ्ग जिल्ला) बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा काठमाडौंमा आईतबार सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र बेलबारी नगरपालिकाका नगर प्रमुख ज्ञानेन्द्र सुवेदीले हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता पछि नगरपालिकाले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५( संशोधन समेत) अन्तर्गत उद्यम तथा व्यवसाय गर्न सम्भाव्य र इच्छुक समुहलाई परामर्श तथा उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने र तालिम प्राप्त उद्यमीरुको ५-५ जनाको समूह बनाई सहकार्य समूह, उद्यमी, फर्म, कम्पनी, तथा सहकारीहरुलाई कर्जाका लागि बैंकको शाखामा सिफारिस गर्ने छ । नगरपालिकाले सिफारिश गरेका उद्यमीहरुलाई बैंकले नियमानुसार प्रत्येक समूहलाई अधिकतम पाँच लाख रुपैंयासम्म सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले आफ्नो कूल कर्जाको एक प्रतिशत बराबर रकम सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने लक्ष्य लिएको र यस्तो कर्जाले देशलाई उत्पादनसंग जोड्न सघाउ पुर्‍याउने बताउदै कर्जा तिर्नुनपर्ने भन्ने मानसीकता कसैले राख्न नहुने बताउनुभयो । नगर प्रमुख ज्ञानेन्द्र सुवेदीले यस्ता कर्जाले नगरबासीको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षकै आधारभूत रुपमा विकास गर्न सघाउ पुग्ने बताउनुभयो । उक्त कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बैंकले राज्यले अबलम्बन गरेको नीतिलाई सहयोग पुग्ने गरी बैंकले विभिन्न संघ सस्थाहरुसँग सम्झौता गरी सहुलियतपूर्ण कर्जा प्रवाह गरिरहेको बताउनुभयो ।

कार्यक्रम कृषि तथा सामाजिक बैंकिङ्ग विभागका प्रमुख राज्य लक्ष्मी खड्गीले कार्यक्रम संचालन गर्नुभएको थियो । उक्त अवसरमा रा.वा. बैंक कर्मचारी संघ नेपालका अध्यक्ष हेमराज सुवेदी, कम्पनी सचिव भोलानाथ पौडेल, शाखा कार्यालय बेलबारीका शाखा प्रबन्धक अर्जुन ढुङ्गाना, बेलबारी नगरपालिकाका स्थानीयवासी राजकुमार बस्नेत, बैंकका कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।


राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.